## नगर कार्यपालिका वैठक, वैठक संख्या ११/०८२/०८३

आज मिति २०८२ साल माघ २९ गते, विहीबार दिनंको ४:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको वैठक कार्यवाहक नगर प्रमुख श्री अइन्द्र विक्रम वेघा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अइन्द्र विक्रम बेघा | कार्यवाहक नगर प्रमुख | धउमनपा | |
| २. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | अनु. |
| ८. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | अनु. |
| ९. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री मनिष विष्ट | का.वा वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २३. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २४. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २५. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २६. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | अनु. |
| २७. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २८. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३०. | श्री अम्बिका प्रसाद चौलागाईं | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |
| कस | नाम | पद | | दस्तखत |
| १ | श्री गणेश प्रसाद खतिवडा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | राजेन्द्र न्यौपाने | का.वा. वडाअध्यक्ष | धरान-६ | |
| ३ | S कुमारी लिम्बु | का.वा. वडा अध्यक्ष | धरान 6 | |

मिति २०८२/१०/२९ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकमा भएका छलफल र निर्णय भएका विषयहरु:

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा।**

यस उपमहानगरपालिकाको कार्यपालिकामा सचिव सहित जम्मा ३० जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. **अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

यस अघि मिति २०८२/१०/११ गते बसेको कार्यपालिकाको वैठकमा जम्मा १५ वटा निर्णयहरु भएका थिए। उक्त पेश भएका निर्णयार्थहरु मध्ये केहि निर्णयहरु कार्यान्वयन भएको र केहि कार्यान्वयनको चरणमा रहेको वैठकमा जानकारी भयो।

३. **समपुरक र विशेष अनुदान सम्बन्धी योजना माग गर्ने सम्बन्धमा।**

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट स्थानीय तहलाई उपलब्ध हुने समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आ.व. ०८३।०८४ मा कार्यान्वयन हुनका लागि प्रस्ताव पेश गर्न तपसिलका आयोजनाहरु माग गर्ने निर्णय गरियो ।

समपुरक अनुदान

| क्र.सं. | आयोजना कार्यक्रमको नाम | कार्यविधि क्षेत्र अनुसारको | क्षे. प्रा. |
|---|---|---|---|
| १ | चिण्डे डांडा सुम्निमा पारुहांग प्रतिमा सम्पदा जाने बाटो निर्माण कार्य धरान-२० (क्रमागत) | पर्यटन पूर्वाधार | १ |

विशेष अनुदान

| क्र.सं. | आयोजना कार्यक्रमको नाम | क्षे. प्रा. |
|---|---|---|
| १ | श्री पब्लिक माध्यमिक विद्यालय, फुस्रे, धरान-१३ को पुरक शैक्षिक पूर्वाधार | १ |
| २ | बर्थिङ सेन्टरका लागि सामाग्री | २ |
| ३ | कृषि उपकरणहरु धरान ४, ५, ६ र २० का लागि | ३ |

४. **बालमैत्री वडा घोषणा गर्न दिइएको स्वीकृति अनुमोदन गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. १ को मिति २०८२/०८/२५ गते, च.नं. ७३७ को पत्रबाट मिति २०८२/०८/२६ गते बाल मैत्री वडा घोषणा गर्न अनुमति माग गरी यस कार्यालयबाट दिइएको स्वीकृतीलाई बाल मैत्री वडा घोषणा कार्यक्रम आजको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

५. **करुणा फाउण्डेशनसँग सम्झौता गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका क्षेत्रमा अघिल्ला आ.ब. देखि नै करुणा फाउण्डेशन सँगको सहकार्यमा महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग गर्ने तथा पोजिटिभ देखिएका महिलाहरुको उपचार गर्ने समेत कार्यक्रम सञ्चालन भई रहेकोमा यस आ.ब. २०८२/०८३ मा सो कार्य गर्न उक्त संस्था सँग कार्यक्रम सम्झौता गरी कार्य अघि बढाउँने निर्णय गरियो।

६. **आसारा सुधार केन्द्रलाई डिप बोरिङ निर्माणको अनुमति शुल्क सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. ६ पानवारीमा मुनाफा रहित जन हितकारी सामाजिक संस्थाको रुपमा रहेको आसारा सुधार केन्द्र पानवारी, धरान सुनसरीलाई दिर्घकालीन रुपमा खानेपानी समस्या समाधान गर्न कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट आ.ब. २०८२/०८३ को लागि डिप बोरिङ निर्माण गर्न रु. ३०,००,०००/-(तिस लाख रुपैया) बजेट विनियोजन भएकोले उक्त डिप बोरिङ संरचना आसारा सुधार केन्द्रको मुल भवनको दक्षिण पट्टी रहेको पाँचकन्या सामुदायिक वनको खाली जग्गामा डिप बोरिङ संरचना निर्माण गर्ने सम्बन्धमा आसारा सुधार केन्द्र धरानले सम्बन्धित वडा कार्यालय धरान-६ को सिफारिस र आयकर छुट पाउने संस्था दर्ता प्रमाण पत्र सहित अनुमति दस्तुर छुट समेत पाउँ भनि अनुमतिका लागि पेश गर्नु भएको हुँदा यस उपमहानगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा २० बमोजिम नियमानुसार वार्षिक रकम बुझाउनु पर्ने राजश्व बुझाउने गरी अनुमति दस्तुर छुट गरी उक्त डिप बोरिङ निर्माणको अनुमति दिने निर्णय गरियो।

७. <u>श्रम संस्कृति पार्कमा गित बजाउने सम्बन्धमा।</u>

धरान-२० मा सञ्चालनमा रहेको श्रम संस्कृति पार्कमा राष्ट्रवादी, देशभक्ति धरानसँग सम्बन्धित गितहरु बजाउने व्यवस्था गर्ने निर्णय गरियो।

८. <u>दररेट स्वीकृत गर्ने सम्बन्धमा</u>

चालु आ.व. २०८२-०८३ का लागि स्वीकृत कार्यक्रम अन्तर्गत आधारभुत खानेपानी आपूर्ति गर्न इलेक्ट्रोमेकानिकल सामान खरिद गर्नुपर्ने भएकोले पेश भई आएका तपसिल अनुसारको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.स. | सामग्रीको विवरण | इकाई | फर्मबाट प्राप्त दररेट | | | न्युनतम दररेट |
|---|---|---|---|---|---|---|
| | | | SAGAR SUPPLIERS, Biratnagar-10 | Allharamain Construction & Suppliers Pvt. Ltd., Tarkeshwar, Nepal | A. B. Trade & Suppliers, Biratnagar | |
| १. | **Horizontal Centrifugal Pump set & Motor:** Multistage Horizoltal Centrifugal Pump set Head Range:150 to 170 meter,Discharge:180m3/hr Three Phase Induction Motor 132 Kw/180Hp Frequency 50Hz ±5%,Volts:415V±10% ,Totally enclosed fan cooled (TEFC), Star Delta Started. | Set | ४९,५००००।०० | ४९,९९,५००।०० | ५०,४९,४९५।०० | ४९,५००००।०० |
| २. | **Motor Operating Panel Board:** Motor Control Panel suitable for above pump, manual start, Suitable size, Powder coated, IP 54 standard complete set having accessories of size as or greater than given below: 1. 500A TP MCCB 2. 410A TP Contactor 3. 400A HRC fuse 4. 250 HP Soft starter 5. SPD 40kA TP 6. Phase failure relay 7. 6A DP MCB 8. 6A SP MCB 9. Mini Contactor of suitable rating 10. Panel Server 11. Cloud Based Energy Management Software 12. Floatless relay (FLR) 13. Water level probe/Sensor 14. Volt meter with selector switch, Amp meter, RYB indicator, Push on/off button, emergency stop switch, dry run protection, CT coil (200/5A), Copper busbar of suitable capacity, wiring accessories including marking, fixing and assembling complete set. | Set | १८,५०,०००।०० | १८,६८,५००।०० | १८,८७,१८५।०० | १८,५०.०००।०० |
| ३ | **Submersible Pump Set:** 125 hp(93Kw),50Hz ±3% 415 Volt ±10%, Start Delta , 3 Phase AC Supply, 2900 Rpm, Stainless Steel,Head Range:220 to 240 Mtr. , Outlet:(100/150)mm Dia, Discarge 25 lps, Close Grained Cast iron Conforming to Gr.FG200 Of IS:210,2900 Rpm | Set | १३,४८०००।०० | १३,६१,४८०।०० | १३,७५,०९५।०० | १३,४८०००।०० |
| ४. | **Horizantal Centrifugal Pumpset & Motor:** Multistage Horizaltal Centrifugal Pupset Head Range:80 to 90 meter,Discharge:108m3/hr Three Phase Industion Motor 45 Kw/60Hp, Frequancy:50Hz ±5%,Volts:415V±10% ,Totally enclosed fan cooled (TEFC), Star Delta Started. | Set | १३,४०,०००।०० | १३,५३,४००।०० | १३,६६,९३४।०० | १३,४०,०००।०० |
| ५. | **Panel Board:** Motor Control Panel suitable for above pump,manual start, Suitable size, Powder coated,IP 54 standard complete set having accessories of size as or greater than given below:1. 200A TP MCCB 2. 185ATPContactor 3. 200A HRC fuse 4. 120 HP Soft starter 5. SPD 40kA TP 6. Phase failure relay 7. 6A DP MCB 8. 6A SP MCB 9. Mini Contactor of suitable rating 10. Panel Server 11. Cloud Based Energy Management Software 12. Floatless relay (FLR) 13. Water level probe/Sensor 14. Volt meter with selector switch, Amp meter, RYB indicator, Push on/off button, emergency stop switch, dry run protection, CT coil (200/5A), Copper busbar of suitable capacity, wiring accessories. | Set | ९,१०,०००।०० | ९,१९,१००।००० | ९,२८,२९१।०० | ९,१०,०००।०० |

माथि उल्लेखित दररेटमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

९. भाषिक सुधार सम्बन्धमा।

क. चालु आ.व. २०८२/०८३ को बजेट पुस्तिकामा उल्लेख भएको "शिवजट्टा जाने बाटो निर्माण धरान १३" उल्लेख भएकोमा उक्त बाटोको क्षेत्र १३ नं. र ४ नं. वडामा पर्ने भएता पनि १३ नं. वडापट्टि प्रस्थान बिन्दु मात्र रहेको र बाटोको मूल क्षेत्र ४ नं. वडामा नै रहेको र हाल गर्नुपर्ने काम पनि ४ नं. मै रहेको हुनाले उक्त योजना ४ नं. वडापट्टि सञ्चालन गर्ने गरी "शिवजट्टा जाने बाटो निर्माण धरान ४" शिर्षकमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो।

ख. चालु आ.ब. २०८२/०८३ को वजेट पुस्तिकाको सामाजिक सुरक्षा तथा संरक्षण उपक्षेत्रको सि.नं. ३३ मा उल्लेख भएको "दलित विकास संघ सुनसरीको भवन निर्माण D" शिर्षकलाई आगामी नगर सभाबाट "दलित सेवा संघको भवन निर्माण" शिर्षकमा शिर्षकान्तर गर्ने निर्णय गरियो।

ग. चालु आ.ब. २०८२/०८३ को वजेट पुस्तिकाको यातायात पूर्वाधार उपक्षेत्रको सि.नं. १ मा उल्लेख भएको "सडकको नेमप्लेट लेखाई B" शिर्षकलाई आगामी नगर सभाबाट "रंगरोगन" शिर्षकमा शिर्षकान्तर गर्ने निर्णय गरियो।

१०. योजना स्वीकृति सम्बन्धमा।

क. "महागुरु फाल्गुनन्द स्मृति प्रतिष्ठान अधुरो भवन निर्माण कार्य सम्पन्न गर्नका लागि धरान २० सुनसरी" शिर्षकमा कोशी प्रदेश सरकारको चालु आ.व.मा रु. १० लाख सशर्त अनुदान विनियोजन भएको तथा धरान उपमहानगरपालिकाको चालु आ.व.को बजेट पुस्तिकामा समेत उक्त आयोजनाको लागि रु. २ लाख विनियोजन भएको हुनाले उक्त अधुरो भवन रहेको जग्गा सार्वजनिक जग्गा रहेको तथा विगत केही वर्ष अगाडी देखि नै खण्ड खण्ड गर्दै उक्त भवन बनि रहेको र प्रतिष्ठानले उक्त जग्गा भोगचलन गरिरहेको भन्ने मिति ०८२।०९।१७ को २० नं. वडा कार्यालयको सिफारिस अनुसार विनियोजित बजेट अनुरुप सोही स्थानमा अधुरो भवनको बाँकी काम गर्ने गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

ख. धरान १३ महिला संजालको निर्मित भवनको माथिल्लो तलामा पिल्लर र स्ल्याव निर्माण गर्नका लागि नगरपालिका र १५ नं. वडा कार्यालयबाट बजेट विनियोजित भएको तर उक्त निर्मित भवन रहेको जग्गा सार्वजनिक जग्गा रहेको एवम् मिति २०७८।०६।२४ को नगर प्रमुख स्तरीय निर्णयानुसार भवन निर्माण गर्न महिला संजाल, धरान उपमहानगर समितिलाई १० धुर जग्गा उपलब्ध गराइएको मिति २०७८।०६।२४ गतेको धरान उपमहानगरपालिकाको पत्रबाट देखिएको हुनाले रु. १३,२९,५८६।९६ को लागत अनुमानमा उक्त निर्मित भवनको माथिल्लो तलामा पिल्लर र स्ल्याव निर्माण गर्ने कामको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

ग. चालु आ.व. ०८२।०८३ को बजेट पुस्तिकामा उल्लेख भएको "धरान १३ स्थित स्रष्टा पार्क स्तरोन्नति तथा अन्य निर्माण कार्य, धरान-१३ पूर्वाधार निर्माण" शिर्षकको आयोजनामा रु. ५ लाख विनियोजन भएको साथै १३ नं. वडा कार्यालयको बजेटमा समेत उक्त आयोजनाका लागि रु. ४ लाख ५० हजार विनियोजन भएकोमा उक्त पार्क निर्माण गर्ने क्षेत्र सार्वजनिक जग्गा रहेको र विगत वर्षहरुदेखि नै उक्त पार्कको निर्माण कार्य भई रहेकोले विनियोजित बजेट अनुसारको निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

घ. धरान ११ स्थित सृजनशील बहुद्देश्यीय भवन निर्माणको अधुरो भवन निर्माण गर्नका लागि चालु आ.व.को बजेटमा रु. १० लाख विनियोजन भएकोमा उक्त अधुरो भवन सार्वजनिक जग्गामा निर्मित भएको तथा विगत देखि नै उक्त संस्थाले भोग गरी भवनको संरचना समेत निर्माण भईसकेकोले रु. २,५८,५६३।७९ सम्बन्धित संस्थाले व्यहोर्ने गरी अधुरो भवनमा झ्याल ढोका, सटर, टायल्स, प्लाष्टर, रंगरोगन लगायतका फिनिसिंगका कार्यहरु गर्ने गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

ङ. चालु आ.व. ०८२।०८३ को लागि संघीय सरकारको पूंजीगत अनुदानमा बस्ती विकास कार्यक्रम अन्तर्गत "सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. ५ सावा येत्हाङ पाङभे निर्माण" शिर्षकको आयोजनाका लागि रु. ५० लाख अनुदान प्राप्त भएकोमा उक्त निर्माणस्थल सार्वजनिक जग्गाको रुपमा भएता पनि विगत वर्षहरुदेखि कोशी प्रदेश सरकारको समेत लगानीमा युमा साम्यो महासभा, नेपाल, केन्द्रिय कार्यालय धरान १५, सुनसरीको सक्रियतामा सोही स्थानमा सावा येत्हाङ पाङभे भवन निर्माण भई रहेकोले सोही निर्माणाधिन भवनको बांकी काम विनियोजित बजेटबाट गर्ने गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो । साथै उक्त विनियोजित बजेटबाट परम्परागत संस्कृति झल्किने गरी ढुंगा माटोको गारो, झिंगटीको छानो, कमेरो र रातोमाटोको रंग रोगन, ढुंगाको सेफ्टी वाल लगायतका परम्परागत निर्माण सामाग्रीहरु प्रयोग गरी निर्माण गर्नु पर्ने भएकोले युमा साम्यो महासभा कै निर्माण समितिबाट आवश्यक लागत सहभागिता गराई निर्माण कार्यको प्रकृया अगाडी बढाउने समेत निर्णय गरियो ।

च. चालु आ.ब. ०८२/०८३ को बजेट पुस्तिकाको भाषा तथा संस्कृति उपशिर्षकको सि.नं. ८ मा उल्लेख भएको "सरस्वती मन्दिर थान स्तरोन्नति कार्यक्रम (खैरे) आयोजनामा रु. ५ लाख विनियोजन भएको र उक्त थान सार्वजनिक जग्गामा रहेको र धेरै वर्ष अगाडीदेखि नै मन्दिर थानको रुपमा रहिरहेकोले विनियोजित बजेट रु. ५६१००/१२ सम्बन्धित मन्दिर व्यवस्थापन समितिले व्यहोर्ने गरी निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो।

११. **धरान उपमहानगरपालिका वडा नं. ८ मा रहेको टर्मिनल भवन सहितको स्मार्ट बसपार्कको आन्तरीक आय ठेक्का सम्झौता सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. ८ तीनकुने सुन्दरबस्ती जग्गा विकास आयोजना क्षेत्रमा रहेको टर्मिनल भवन सहितको स्मार्ट बसपार्कको आन्तरीक आय ठेक्का श्री पाथिभरा कन्सन्ट्रकसन इटहरी-५ सुनसरीले पेश गरेको बोलपत्र स्वीकृत भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को ३ बमोजिम १५ दिन भित्र ठेक्का सम्झौता गर्नका लागि पहिलो किस्ता र कार्यसम्पादन जमानत सहित सम्झौता गर्न उपस्थित हुन यस कार्यालयबाट पत्रचार गरिएकोमा पाथीभरा कन्सन्ट्रकसनको मिति २०८२/१०/२८ गतेको प्राप्त पत्रानुसार आसन्न २०८२ फाल्गुन २१ गतेको निर्वाचनका कारणले यस नगरपालिकाबाट नयाँ बसपार्क उद्घाटन गरी सञ्चालन गर्न केही समय लाग्ने हुँदा र कार्यसम्पादन जमानत पत्र प्रभु बैंक शाखा कार्यालय इटहरीमा निर्माणको प्रकृया रहेकोले ( प्रभु बैंक लिमिटेड, इटहरी शाखाको मिति २०८२/१०/२८ गतेको जानकारी पत्रानुसार बैंक जमानत बनाउँने प्रक्रियामा रहेको जानकारी पत्र समेत प्राप्त भएको। मूल्य अभिवृद्धि कर सहित कबुल रकम १,११,७७,७७७।५० को पहिलो क़िस्ता बापत रु. २८,००,०००/- (अठाइस लाख रुपैया मात्र) धरान उपमहानगरपालिकाको खाता नं. २१६०१००३०३००००२ मा प्रभु बैंकको चेक नं. ५६९६६५१९ मार्फत जम्मा गरी सम्झौता गर्नको लागि कार्यसम्पादन जमानत पेश गर्ने म्याद थप गर्न निवेदन प्राप्त भएको हुँदा सो सम्बन्धमा यस उपमहानगरपालिकालाई प्रतिनिधि सभा निर्वाचन २०८२ को आचार संहिताको कारण नवनिर्मित बसपार्क उद्घाटन गरी सञ्चालनमा ल्याउन नमिल्ने भएको हुँदा र निज ठेकेदारले माग गरेको बमोजिमको कार्य सम्पादन जमानत पेश गर्ने म्याद उपलब्ध गराएमा नगरपालिकाले प्राप्त गर्ने राजश्व सम्झौता अवधि पाँच वर्षमा मुल्य अभिबृद्धि कर सहित जम्मा रु. ५३,९०,९४०।६० (त्रिपन्न लाख नब्बे हजार नौं सय चालिस रुपैया साठ्ठी पैसा। गुम्न नदिन यहि २०८२ फाल्गुन २५ गते सम्म कार्यसम्पादन जमानत पेश गरी ठेक्का सम्झौता गर्ने र यथाशक्य चाँडो बसपार्क सञ्चालनमा ल्याउने निर्णय गरियो।